सुनिलस्मृति गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

सुलीचौर, रोल्पा

लुम्बिनी प्रदेश, नेपाल

प.सं.: २०७७/०७८

च.नं.:

मिति: २०७७/११/०६

## न्युनतम रोजगारीमा संलग्न हुनका लागि निवेदन दिने बारे सूचना ।

प्रस्तुत बिषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आ. व. २०७८ / ०७९ मा रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने १०० दिन बराबरको न्युनतम रोजगारीमा संलग्न भइ सार्वजनिक विकास निर्माणका कार्यमा योगदान गर्न ईच्छुक वेरोजगार व्यक्तिहरुले २०७७ फाल्गुन मसान्त सम्ममा सम्बन्धित वडा कार्यालयमा वेरोजगार व्यक्तिको सूचीमा सूचिकृत हुन निवेदन दिनु हुन यो सूचना प्रकाशित गरिएको छ ।

**आवश्यक न्युनतम मापदण्ड :-**

- १८ वर्ष पुरा भइ ५९ वर्ष ननाघेको
- परिवारको सबै सदस्यको नागरिकता / जन्म दर्ताको प्रतिलिपि
- हालसालै खिचेको पासपोर्ट साइजको फोटो १ प्रति
- सम्बन्धित वडाको स्थायी वासिन्दा / अनेत्रबाट बसाइसराइ गरि आएमा बसाइसराइ प्रमाणपत्र
- वार्षिक आम्दानी ५१७०० भन्दा कम भएको परिवार
- बैदेशिक रोजगारबाट फर्केको वा श्रम स्वीकृत लिई बैदेशिक रोजगारमा जान नपाएको भए पासपोर्ट नम्बर
- पूर्ण विवरण सहित रितपुर्बक निवेदन दिई कार्यक्रममा सहभागी हुन ईच्छुक रहेको ।

**वेरोजगार छनौट प्रकृयाको प्राथमिकताक्रम निर्धारणका आधारहरु :-**

- कृषि उत्पादनले ३ महिना खान नपुग्ने परिवार
- बसोबासको लागि आफ्नो घर नभएको परिवार
- घरमुली एकल महिला भएको परिवार
- दलित, अल्पसंख्यक, वा लोपोन्मुख समुदायको परिवार
- कोहीपनि परिवार स्वरोजगार नभएको वा सामाजिक सुरक्षा लगायत सरकारी कोषबाट सुबिधा नलिएको परिवार
- सहिद तथा वेपत्ता पारिएका परिवार
- महिला बेरोजगार व्यक्ति
- बैदेशिक रोजगारबाट फर्केको वा श्रम स्वीकृत लिई बैदेशिक रोजगारमा जान नपाएको व्यक्ति
- अन्य वेरोजगार व्यक्ति

**नोट :- फारम ( www.pmep.gov.np ) उपलब्ध छ ।**

**(निवेदनमा मागिएका सम्पूर्ण विवरण अनिवार्य रुपमा भर्नुपर्ने छ । पूर्ण रुपमा नभरेको फारम रोजगार सेवा केन्द्रले सूचिकृत गर्ने छैन) ।**

केशवराज पाधे

प्रमुख प्रशाकीय अधिकृत

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
(प्रधानमन्त्री रोजगार कार्यक्रम)

सिंहदरवार, काठमाण्डौ, नेपाल
फोन नं. ०१-४२००४७७
फ्याक्स नं. ०१-४२११८७७
Email : info.pmep.np@gmail.com
Website: pmep.gov.np

प.सं. २०७७/७८
च.नं./PMEP/ ४५८

मिति : २०७७/१०/२५

श्री गाउँपालिका/नगरपालिका, सबै।

मार्फत: श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार ।

विषय : आगामी आ.व.०७८/७९ का लागि बेरोजगार व्यक्ति सूचीकरण सम्बन्धमा ।

रोजगारीको हक सम्बन्धी ऐन, २०७५, सो को नियमावली तथा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ (पहिलो संशोधन, २०७७ सहित) बमोजिम आ.व. २०७८/०७९ मा न्यूनतम रोजगारीमा आवद्ध हुन चाहने बेरोजगार व्यक्तिले आफु बसोबास गरेको स्थानीय तहको सम्बन्धित वडा कार्यालयमा २०७७ फागुन महिनामा निवेदन दिनुपर्ने व्यवस्था अवगत नै छ ।

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत न्युनतम रोजगारी प्रदान गरी विपन्न तथा जीवनयापन जोखिममा परेका वर्गलाई सामाजिक सुरक्षाको दायराभित्र ल्याउन सहयोग पुर्याउने सोच रहेको छ ।सोही बमोजिम बेरोजगार व्यक्तिको निवेदन संकलन गर्दा व्यक्तिका र निजका परिवारको यथार्थ र सम्पूर्ण विवरण संकलन गरी वास्तविक लक्षित वर्ग केन्द्रित कार्यक्रम सञ्चालन हुने गरी विवरण संकलनको लागि आवश्यक तयारी कार्य गर्नु हुन मिति २०७७/१०/२२ को निर्णयानुसार (मा.मन्त्रीस्तर) अनुरोध छ।

साथै बेरोजगार व्यक्तिको निवेदन संकलन सम्बन्धमा तपशिलको व्यवस्था तर्फ ध्यानाकर्षण हुन र बेरोजगार व्यक्तिले सूचीकरणको लागि दिनुपर्ने निवेदनको ढाँचा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७५ (पहिलो संशोधन, २०७७ सहित)को अनुसूची - १ वा https://pmep.gov.np/publication/karyavidhi मा रहेको व्यहोरा समेत अनुरोध छ।

तपशिलः-

(क) यस कार्यक्रम अन्तरगत सञ्चालन हुने न्यूनतम रोजगारीले गरिब तथा जीवनयापन जोखिममा परेका वर्गलाई सामाजिक सुरक्षा र संरक्षण दिने उद्देश्य लिएको छ ।

(ख) न्यूनतम रोजगारीमा आवद्ध गर्ने लक्षित वर्ग गरिब तथा समान्य जीवनयापनमा कठिनाई भएका नागरिक रहेकोले वैयक्तिक तथा पारिवारिक विवरणहरु (व्यक्तिगत विवरण, पारिवारिक विवरण, आय आम्दानी तथा अन्य पेशा व्यवसाय तथा राज्यका अन्य सामाजिक सुरक्षाका कार्यक्रममा आवद्ध भए नभएका आदी) संकलन गर्दा यथार्थपरक र पूर्ण विवरण संकलन गर्नुपर्ने ।

(ग) न्यूनतम रोजगारी बाहेक रोजगार सेवा केन्द्रबाट प्रदान हुने अन्य रोजगारमूलक सेवा सुविधा सबै नागरिकले प्राप्त गर्न सक्ने व्यवस्था मिलाउने ।

(घ) गरिबी निवारण, रोजगारी व्यवस्थापन तथा सबै नागरिकलाई सामाजिक सुरक्षाको प्रत्याभूति गर्ने तीनै तहका सरकारको सामूहिक जिम्मेवारी रहेको ।

(ङ) कार्यक्रमलाई व्यवस्थित, प्रभावकारी तथा पारदर्शि बनाउन रोजगार व्यवस्थापन सूचना प्रणाली (EMIS) सञ्चालनमा रहेकोले स्थानीय तहबाट भए गरेका रोजगारी व्यवस्थापनसंग सम्बन्धित विवरण EMIS मा नियमित र अनिवार्यरुपमा गर्ने व्यवस्था हुन ।

(किसान न्यौपाने)
शाखा अधिकृत